छिन्नमस्ता गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छिन्नमस्ता , सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या :-०७८/०७९
चलानी नं :- १४८६

मिति :-२०७९। ०३ । १६

**दर्ता शिविर संचालन हुने सम्बन्धि अत्यन्त जरुरी सूचना ।**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकामा स्थाई बसोबास गर्ने नागरिकको जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता बारे सूचना लिने, विवरण दर्ता गराउने तथा सामाजिक सुरक्षा र व्यक्तिगत घटना सम्बन्धि गुनासोहरु दर्ता तथा सुनुवाई गर्ने उद्देश्यले दर्ता शिविर संचालन हुदैछ । यस छिन्नमस्ता गाउँपालिकाको ७ वटै वडामा तपसिल बमोजिमको मिति, समय र पायक पर्ने स्थानमा संचालन हुने दर्ता शिविरमा सहभागी भई आफ्ना विवरण बुझाई घरदैलो लाभ लिनहुन अनुरोध छ ।

**तपसिल**

**पहिलो चरण**

| मिति | वडा नं. | स्थान | समय | कैफियत |
|---|---|---|---|---|
| २०७९ असार १८, १९ र २० गते | १ | श्री आधारभुत विद्यालय वरही विरपुर -५ | विहान १०:०० बजे देखि ५:०० बजे सम्म । | |
| | २ | श्री रा.प्रा.वि.रामपुरा छिन्नमस्ता-२ | | |
| | ३ | श्री भु.संस्कृत मा.वि. सखडा | | |
| | ४ | श्री मा.वि.लालापट्टी | | |
| | ५ | श्री रा.प्रा.वि.लोखरम | | |
| | ६ | श्री आधारभुत विद्यालय कोचाबखारी-६ | | |
| | ७ | मुस्लिम टोल इदरीस मिँया को दलानमा | | |

राजिव पासवान ०७९।०३।१६
प्र प्र सचालक पञ्जीकरण शाखा
सहायक पाँचौ

प्रमुख प्रशासकीय अधिकृत

Email Id :- chhinnamasta.rmo.saptari@gmail.com, सम्पर्क नं :-९८५२८२१५६७

**दोश्रो चरण**

| मिति | वडा नं. | स्थान | समय | कैफियत |
|---|---|---|---|---|
| २०७९ असार २१, २२ र २३ गते | १ | श्री ज.रा.प्रा.वि.वरही-७ | बिहान १०:०० बजे देखि ५:०० बजे सम्म । | |
| | २ | श्री वि.पि.रा.प्रा.वि.महुवा | | |
| | ३ | गोविन्दपुरमा रामजानकी मन्दिर | | |
| | ४ | श्री बाबा डिहवार रा.प्रा.वि.लालापट्टी | | |
| | ५ | स्वास्थ्य चौकी लोखरम | | |
| | ६ | श्री ज.मा.वि.खुदिबखारी, कुपही | | |
| | ७ | ढलाई यादव भन्ने जिवछ यादव को दलानमा | | |

**तेश्रो चरण**

| मिति | वडा नं. | स्थान | समय | कैफियत |
|---|---|---|---|---|
| २०७९ असार २४, २५ र २६ गते | १ | श्री महन्थ रा.प्रा.वि. वरही -९ | बिहान १०:०० बजे देखि ५:०० बजे सम्म । | |
| | २ | श्री जनता घ.रा.प्रा.वि. मोहनपुर | | |
| | ३ | महुवामा प्रयाग लाल यादव को दलानमा | | |
| | ४ | सामुदायिक भवन साविक वडा नं.२ | | |
| | ५ | श्री रा.प्रा.वि.भटोतर | | |
| | ६ | श्री सामुदायिक भवन खुदिबखारी | | |
| | ७ | विन्देश्वर यादव को दरबाजामा | | |

सुजित दास

प्रमुख प्रशासकीय अधिकृत

Email Id :- chhinnamasta.rmo.saptari@gmail.com, सम्पर्क नं :-९८५२८२१५६७

**व्यक्तिगत घटना दर्ताको लागि निम्न बमोजिमका कागजात र सूचक आफै आवश्यक पर्दछ :–**

| घटना : | सूचक : | संलग्न गर्नुपर्ने कागजातहरु : |
|---|---|---|
| जन्म | ➢ बाबु वा आमा,<br>➢ बाबु वा आमा नभएको प्रमाणित भएमा बाबु तर्फको हजुरबुवा वा हजुरआमा वा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्ति । | ➢ सूचकको सहिछाप सहितको सूचना फारम,<br>➢ आमा बुवाको नागरिकताको प्रतिलिपी,<br>➢ सूचकको नागरिकताको प्रमाणपत्र,<br>➢ स्वास्थ्य संस्थामा जन्म भएको भए जन्म प्रतिवेदन वा प्रमाण,<br>➢ घरमा जन्म भएको भए खोप लगाएको प्रमाण । |
| मृत्यु | ➢ बाबु वा आमा वा पत्ति वा पत्नी वा छोरा वा छोरी,<br>➢ उल्लेखित सूचक नभएको प्रमाणित भएमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्ति । | ➢ सूचकको सहिछाप सहितको सूचना फारम,<br>➢ मृतकको नागरिकता प्रमाणपत्र वा जन्म दर्ता,<br>➢ सूचकको नागरिकता प्रमाणपत्र,<br>➢ स्वास्थ्य संस्थामा मृत्यु भएमा प्रतिवेदन वा प्रमाणपत्र । |
| विवाह | ➢ पत्ति र पत्नी दुवै जना । | ➢ सूचकको सहिछाप सहितको सूचना फारम,<br>➢ पतिको नागरिकता प्रमाणपत्र,<br>➢ पत्नीको नागरिकता प्रमाणपत्र वा जन्मदर्ता प्रमाणपत्र,<br>➢ पति/पत्नीको २/२ प्रति हालसालै खिचेको पासपोर्ट साइजको फोटो । |
| बसाई सराई | ➢ बसाई सरी जाने परिवारको सदस्य मध्ये मुख्य व्यक्ति वा नभएमा १८ वर्ष उमेर पुगेको परिवारको सदस्य । | ➢ सूचकको सहिछाप सहितको लगत हस्तान्तरण फारम,<br>➢ सूचकको नागरिकाता प्रमाणपत्र । |
| | ➢ बसाई सरी आउने परिवारको सदस्य मध्ये मुख्य व्यक्ति वा नभएमा १८ वर्ष उमेर पुगेको परिवारको सदस्य । | ➢ सूचकको नागरिकता प्रमाणपत्र,<br>➢ लगत हस्तान्तरणको सक्कल फारम । |
| सम्बन्ध विच्छेद | ➢ पति वा पत्नी । | ➢ सूचकको सहिछाप सहितको सूचना फारम,<br>➢ सूचकको नागरिकता प्रमाणपत्र,<br>➢ अदालतको निर्णय वा फैसलाको प्रतिलिपी । |

सुजित दास ०७९/०४/१६

प्रमुख प्रशासकीय अधिकृत

Email Id :chhinnamasta.rmo.saptari@gmail.com, सम्पर्क नं :-९८५२८२१५९७

**सामाजिक सुरक्षा भत्ताको लागी निम्न बमोजिमका कागजात तथा योग्यता आवश्यक पर्दछ :-**

| लक्षित समूह : | उपसमुह : | शर्तहरु : | संलग्न गर्नुपर्ने कागजात : |
|---|---|---|---|
| जेष्ठ नागरिक भत्ता | जेष्ठ नागरिक ७० वर्ष माथि | ➢७० वर्ष उमेर पुरा भएका नेपाली नागरिक । | ➢नेपाली नागरिकताको प्रमाणपत्र,<br>➢स्थायी ठेगाना फरक परेमा बसाई सराई दर्ताको प्रमाणपत्र,<br>➢हालसालै खिचेको पासपोर्ट साइज फोटो २ प्रती । |
| | जेष्ठ नागरिक दलित | ➢६० वर्ष उमेर पुरा भएका र राष्ट्रिय दलित आयोगमा सूचिकृत नेपाली नागरिक । | ➢नेपाली नागरिकताको प्रमाणपत्र,<br>➢दलित जाती खुल्ने प्रमाणपत्र,<br>➢हालसालै खिचेको पासपोर्ट साइज फोटो २ प्रती । |
| | एकल महिला | ➢अविवाहिता वा अदालतबाट भएको सम्बन्ध विच्छेद वा न्यायीक पृथकिकरण वा विधुवा भएको प्रमाण र ६० वर्ष पुरा भएका महिला । | ➢नेपाली नागरिकता प्रमाणपत्र,<br>➢अविवाहिता वा अदालतबाट सम्बन्ध विच्छेद/न्यायीक पृथकिकरण वा पातिको मृत्यु भएको प्रमाण पत्र,<br>➢हालसालै खिचेको पासपोर्ट साइज फोटो २ प्रती । |
| विधवा | विधवा | ➢पतिको मृत्यु दर्त्ता प्रमाणपत्र र अर्को विवाह नगरेको सिफारिस भएका नेपाली नागरिक । | ➢नेपाली नागरिकताको प्रमाणपत्र,<br>➢पतिको मृत्यु दर्त्ता प्रमाणपत्र,<br>➢अर्को विवाह नभएको सम्बन्धित वडा कार्यालयको सिफारिस,<br>➢हालसालै खिचेको पासपोर्ट साइज फोटो २ प्रती । |
| अपाङ्गता भत्ता | अति असक्त अपाङ्ग | ➢प्रचलित कानून बमोजिम क वर्गको अपाङ्गता परिचयपत्र प्राप्त भएको नेपाली नागरिक । | ➢नेपाली नागरिकताको प्रमाणपत्र,<br>➢क वर्गको अपाङ्गता परिचयपत्र,<br>➢हालसालै खिचेको पासपोर्ट साइज फोटो २ प्रती । |
| | आसिंक अपाङ्ग | ➢प्रचलित कानून बमोजिम ख वर्गको अपाङ्गता परिचयपत्र प्राप्त भएको नेपाली नागरिक । | ➢नेपाली नागरिकताको प्रमाणपत्र,<br>➢ख वर्गको अपाङ्गता परिचयपत्र,<br>➢हालसालै खिचेको पासपोर्ट साइज फोटो २ प्रती । |

२०७९/०३/१६

प्रमुख प्रशासकीय अधिकृत

Email Id :- chhinnamasta.rmo.saptarj@gmail.com, सम्पर्क नं :- [illegible]

| | | | |
|---|---|---|---|
| बाल पोषण भत्ता | क्षेत्र तोकिएको बालबालिका | ➢स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा जन्मदर्ता गराएका ५ वर्ष मुनि बालकालिका । | ➢बालबालिकाको जन्मदर्ता प्रमाणपत्र, ➢संरक्षकको नागरिकता प्रमाणपत्र । ➢हालसालै खिचेको पासपोर्ट साइज फोटो २ प्रती । |
| | दलित बालबालिका | ➢स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा जन्मदर्ता गराएका ५ वर्ष मुनि बालकालिका । | ➢बालबालिकाको जन्मदर्ता प्रमाणपत्र, ➢संरक्षकको नागरिकता प्रमाणपत्र । ➢हालसालै खिचेको पासपोर्ट साइज फोटो २ प्रती । |

**नोट** :-व्यक्तिगत घटना दर्ता नगरी बसेका सेवाग्राही र सामाजिक सुरक्षा भत्ताका लागि योग्य व्यक्ति भएपनि निवेदन दिन छुटेका लाभग्राहीहरुले दर्ता शिविरमा निवेदन पेश गर्न सक्नेछन् । तर यस अघि सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका वा वडा कार्यालयमा निवेदन दिई सकेका र जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनादर्ता गरिसकेका तथा कानूनी व्यवस्थानुसार दर्ता गर्न नमिल्ने व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ताको निवेदन शिविरमा संकलन गरिने छैन ।

**थप जानकारीको लागी :**

पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखा, छिन्नमस्ता गाउँपालिका छिन्नमस्ता, सप्तरी ।

सम्पर्क नं. ९८२४७३६४२५/९८२७७८२५००

सुजित ... सहायक पाँचौ

दिलिप कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

श्री गा.पा.अध्यक्ष/उपाध्यक्ष ज्यू, छिन्नमस्ता गाउँपालिका छिन्नमस्ता, सप्तरी ।

श्री वडा कार्यालयहरु सबै छिन्नमस्ता गाउँपालिकाको कार्यालय, छिन्नमस्ता, सप्तरी ।

श्री शिक्षा शाखा, छिन्नमस्ता गाउँपालिका छिन्नमस्ता, सप्तरी ।

(सवै विद्ययालयका सम्पूर्ण विद्यार्थीहरु मार्फत अभिभावकहरुलाई सूचना प्रवाहको साथै दर्ता स्थल रहेको सम्वन्धित विद्यालयलाई अवगतार्थ को लागि)

श्री स्वास्थ्य शाखा, छिन्नमस्ता गाउँपालिका छिन्नमस्ता, सप्तरी ।

(सवै स्वास्थ्य संस्था मार्फत सूचना प्रवाह गरिदिनुहुन)

'नागरिकको व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा, नेपाल सरकारको दर्ता शिविर मार्फत प्राथमिकता'

# दर्ता शिविर

## व्यक्तिगत घटना दर्ता

## सामाजिक सुरक्षा कार्यक्रम




" 'स्थानीय तहमा संचालन भईरहेको दर्ता शिविरमा सहभागी बनौ ।' "

दर्ता शिविर सञ्चालन हुने स्थान:

मिति:

आयोजक
छिन्नमस्ता गाउँपालिका
पञ्जिकरण शाखा सप्तरी।

### ♦ घटना दर्ता गर्दा ढिलाइ भए जरिवाना

घटना घटेको ३५ दिन भित्र दर्ता गराउँदा निःशुल्क र त्यसपछि तोकिएको जरिवाना तिरी दर्ता गर्नुपर्दछ ।

### ♦ बैशाख महिनाको पहिलो साता विशेष अभियान

प्रत्येक वर्ष बैशाख महिनाको पहिलो साता संचालन हुने व्यक्तिगत घटना दर्ता सप्ताहमा सहभागी बनौं ।

### ♦ घटना दर्ताको अनलाईन निवेदन कसरी दिने ?

नागरिकले व्यक्तिगत घटना दर्ताको अनलाई आवेदन दिन राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको वेबसाईट https://donidcr.gov.np मा रहेको अनलाईन घटना दर्ताको निवेदन लिंकमा गई विवरण भरी प्राप्त टोकन नम्बर लिएर दर्ता शिविर वा सम्बन्धित वडा कार्यलयमा गई घटना दर्ता गर्न सकिनेछ ।





❝ दोहोरो घटना दर्ता गर्नु, झुटा विवरण दिई घटना दर्ता गराउनु दण्डनीय कार्य हो । ❞

❝ बहुविवाह गर्नु गैरकानुनी कार्य हो । तसर्थ बहुविवाह नगरौं, नगराऔं । ❞





### गुनासो:

घटना दर्ता सम्बन्धी केही गुनासो भएमा आफ्नो वडा कार्यालय वा स्थानीय सरकारको केन्द्रमा निवेदन दिनुहोस् वा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको

वेबसाइट: https://gms.donidcr.gov.np/Grievance/PublicMain

फेसबुक: https://www.facebook.com/DepartmentofNationalI-DandCivilRegistration

ट्विटर: https://twitter.com/DoNIDCRNep

इमेल: info@donidcr.gov.np

फोन: ०१-४२०००१६ मार्फत दर्ता गराउन सकिन्छ ।

❝ २० वर्षभन्दा कम उमेरमा विवाह गर्नु गराउनु दण्डनिय अपराध हो । ❞

❝ व्यक्तिगत घटना घटेको ३५ दिन भित्र स्थायी ठेगाना भएको वडामा घटना दर्ता गराउनु नागरिकको कर्तव्य हो । ❞



## व्यक्तिगत घटना दर्ता

थप जानकारी लागि


नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं
हटलाइन नं.: ०१-४२०००१६
निःशुल्क: १६६० ०१९६६६६
इमेल: info@donidcr.gov.np
वेबसाइट: https://donidcr.gov.np


### ♦ व्यक्तिगत घटना दर्ता के हो ?

व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटना घटेमा स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा गई सूचना दिने, दर्ता गराउने र प्रमाण-पत्र लिने कार्यलाई व्यक्तिगत घटना दर्ता भनिन्छ ।

### ♦ व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र किन आवश्यक पर्दछ ?

व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र बालबालिकालाई विद्यालयमा भर्ना गर्न, नागरिकता बनाउन, नाबालक राष्ट्रिय परिचय-पत्र बनाउन, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न साथै राज्यबाट पाउने सेवा, सुविधा र हक स्थापना गर्न आवश्यक पर्दछ ।

### ♦ व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?

आफ्नो स्थायी ठेगाना भएको वडामा तोकिएको सूचकले आवश्यक कागजात सहित घटना दर्ता गराउन सकिन्छ ।



### व्यक्तिगत घटना दर्तामा सूचक र संलग्न गर्नुपर्ने कागजपत्रबारे जानकारी

| घटना | सूचक | संलग्न गर्नुपर्ने कागजपत्र |
|---|---|---|
| जन्म | ➢ बाबु र आमा, बाबु र आमा उपस्थित हुन नसकेमा बाबु वा आमा, ➢ बाबु वा आमा नभएको प्रमाणित भएमा बाबु तर्फको हजुरबुबा वा हजुरआमा वा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्ति | ➢ सूचकको सहिछाप सहितको सूचना फाराम, ➢ सूचकको नागरिकताको प्रमाणपत्र, ➢ स्वास्थ्य संस्थामा जन्म भएको भए जन्म प्रतिवेदन वा प्रमाण, ➢ घरमा जन्म भएको भए खोप लगाएको प्रमाण, |
| विवाह | ➢ पति र पत्नी दुवै जना | ➢ सूचकको सहिछाप सहितको सूचना फाराम, ➢ पतिको नागरिकता प्रमाणपत्र, ➢ पत्नीको नागरिकता प्रमाणपत्र (भएमा), ➢ पति पत्नीको २/२ प्रति हालसालै खिचेको पासपोर्ट साइजको फोटो |
| सम्बन्ध विच्छेद | ➢ पति वा पत्नी | ➢ सूचकको सहिछाप सहितको सूचना फाराम, ➢ सूचकको नागरिकता प्रमाणपत्र, ➢ अदालतको निर्णय वा फैसलाको प्रतिलिपि. |
| बसाई सराई | ➢ बसाई सरी जाने परिवारको सदस्य मध्ये मुख्य व्यक्ति वा नभएमा १८ वर्ष उमेर पुगेको परिवारको सदस्य | ➢ सूचकको सहिछाप सहितको लगत हस्तान्तरण फाराम ➢ सूचकको नागरिकता प्रमाणपत्र |
| | ➢ बसाई सरी आउने परिवारको सदस्य मध्ये मुख्य व्यक्ति वा नभएमा १८ वर्ष उमेर पुगेको परिवारको सदस्य | ➢ सूचकको नागरिकताको प्रमाण पत्र ➢ लगत हस्तान्तरणको सक्कल फाराम |
| मृत्यु | ➢ बाबु वा आमा वा पति वा पत्नी वा छोरा वा छोरी. ➢ उल्लेखित सूचक नभएको प्रमाणित भएमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्ति. | ➢ सूचकको सहिछाप सहितका सूचना फाराम, ➢ मृतकको नागरिकता प्रमाणपत्र वा जन्म दर्ता ➢ सूचकको नागरिकता प्रमाणपत्र, ➢ स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्यु प्रतिवेदन वा प्रमाण |

**नवीकरण कहिले गर्ने ?**

सामाजिक सुरक्षा भत्तामा समावेश भएका लाभग्राहीले प्रत्येक आर्थिक वर्षको श्रावण देखि कार्तिक मसान्तसम्म अनिवार्य रुपमा आफ्नो वडामा गई नवीकरण गर्नुपर्दछ ।

**कहाँबाट भुक्तानी लिने ?**



सामाजिक सुरक्षा भत्ता भुक्तानी लिदा बैंकिङ्ग प्रणाली लागु भएका स्थानीय तहमा बैंक मार्फत अनिवार्य रुपमा गर्नुपर्नेछ । यसले गर्दा राज्य, स्थानीय तह तथा लाभग्राहीलाई प्रशासनिक सहजता र पारदर्शिता कायम गर्न सजिलो हुन्छ ।

**सामाजिक सुरक्षा कार्यक्रमबाट कुन अवस्थामा नाम हट्छ ?**

१. लाभग्राहीको मृत्यु भएमा
२. बालबालिकाको उमेर ५ वर्ष अर्थात ६० महिना पुरा भएमा (एक आमाका दुई सन्तान मात्र योग्य)
३. बसाई सरेमा
४. एकल वा विधवा महिलाले विवाह गरेमा
५. दोहोरो दर्ता कायम भएमा
६. स्वेच्छिक रुपमा लगत कट्टा गर्न चाहेमा
७. सरकारी वा सरकारको पूर्ण वा आंशिक सहयोग रहेको संघ संस्थाबाट मासिक रुपमा निवृत्तिभरण वा लाभ लिएमा
८. दर्ता नवीकरण नगरेमा ।

**कस्तो नागरिकले सामाजिक सुरक्षा भत्ता लिन हुँदैन?**

१. कुनै सरकारी, सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति,
२. सरकारी कोषबाट निवृत्तिभरण पाईरहेको व्यक्ति,
३. ऐन बमोजिम सामाजिक सुरक्षा पाउन योग्य नभएको व्यक्ति



**जानकारी**

- एक व्यक्तिले दोहोरो रुपमा सामाजिक सुरक्षा भत्ता लिनु गैर कानुनी कार्य हो ।
- लाभग्राहीमा नाम नभएको व्यक्तिले अर्को व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता लिनु हुँदैन ।
- लाभग्राहीमा सुचीकृत भएको महिनाको अर्को महिनादेखि भत्ता प्राप्त गर्न सक्नेछन् ।
- एक व्यक्तिले एक भन्दा बढी लक्षित समूहबाट भत्ता प्राप्त गर्न पाईने छैन ।

**गुनासो**

सामाजिक सुरक्षा सम्बन्धी केही गुनासो भएमा आफ्नो वडा कार्यालय वा स्थानीय तहको केन्द्रमा निवेदन दिनुहोस् वा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको
वेबसाइट: https://gms.donidcr.gov.np/Grievance/PublicMain
फेसबुक: https://www.facebook.com/DepartmentofNationalIDandCivilRegistration
ट्विटर: https://twitter.com/DoNIDCRNep
इमेल: info@donidcr.gov.np
फोन: ०१-४२०००५ मार्फत दर्ता गराउन सकिन्छ ।

> “ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राही नछुटौं, नछुटाऔं । ”



# सामाजिक सुरक्षा कार्यक्रम

थप जानकारी लागि


नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं
हटलाइन नं.: ०१-४२०००५, नि:शुल्क: १६६००१९६६६६
इमेल: info@donidcr.gov.np, वेबसाइट: https://donidcr.gov.np


**सामाजिक सुरक्षा कार्यक्रम**

- सरकारले निश्चित उमेर समूहसम्मका बालबालिका, जेष्ठ नागरिक, महिला, लोपोन्मुख जाति तथा अपाङ्गता भएका नागरिकको सम्भावित जोखिमको न्यूनीकरण गर्न आर्थिक, सामाजिक तथा मनोवैज्ञानिक सहयोगका निमित्त सामाजिक सुरक्षा कार्यक्रम संचालनमा ल्याएको हो ।
- यो सामाजिक सुरक्षा सम्बन्धी हकको संरक्षण गर्न राज्यको आन्तरिक स्रोतबाट व्यवस्था गरिएको गैर योगदान मुलक कार्यक्रम हो ।
- नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता लिने सुविधा, सबै नागरिकको पहुँचमा पुऱ्याउन सबै स्थानीय तहका वडास्तरमा दर्ता शिविर संचालन गरिरहेको छ ।



**लाभग्राहीले नाम कहिले र कहाँ दर्ता गराउने ?**



सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि तपशिल बमोजिमका मापदण्ड पुगेका नेपाली नागरिकले आवश्यक कागजात सहित दर्ता शिविर वा वडा कार्यालयमा निवेदन दर्ता गराई सामाजिक सुरक्षा परिचय पत्र लिन सकिन्छ ।

> “ सामाजिक सुरक्षा कार्यक्रमबारे सम्भावित लाभग्राहीलाई जानकारी गराऔं । ”

**सामाजिक सुरक्षा भत्ताको निमित्त आवश्यक मापदण्ड**

| लक्षित समूह | उपसमूह/रकम (मासिक भत्ता) | मापदण्ड (नेपाली नागरिक) | संलग्न गर्नुपर्ने कागजात |
|---|---|---|---|
| जेष्ठ नागरिक भत्ता | ७० वर्ष माथिका सबै नेपाली नागरिक<br>रु ३००० | ➢ उमेर ७० वर्ष भन्दा माथि | ➢ नेपाली नागरिकता प्रमाणपत्र |
| | जेष्ठ नागरिक दलित<br>रु २००० | ➢ उमेर ६० वर्ष भन्दा माथि<br>➢ राष्ट्रिय दलित आयोगमा दलित भनी सुचिकृत जाति | ➢ नेपाली नागरिकता प्रमाणपत्र र दलित जाती खुल्ने प्रमाण |
| | जेष्ठ नागरिक एकल महिला<br>रु २००० | ➢ उमेर ६० वर्ष माथि, अविवाहिताको प्रमाण वा अदालतबाट भएको सम्बन्ध विच्छेद र न्यायिक पृथकीकरण भएको प्रमाण | ➢ नेपाली नागरिकता प्रमाणपत्र<br>➢ अविवाहिता प्रमाण वा अदालतबाट भएको सम्बन्ध विच्छेद र न्यायिक पृथकीकरण भएको प्रमाण |
| | जेष्ठ नागरिक क्षेत्र तोकिएका<br>रु २००० | ➢ उमेर ६० वर्ष माथि, नेपाल सरकारले तोकेका क्षेत्र भित्र परेका । | ➢ नेपाली नागरिकता प्रमाणपत्र, बसाई सरी गएको भएमा बसाई सराई प्रमाणपत्र |
| असहाय एकल महिला भत्ता | विधवा<br>रु २००० | ➢ पतिको मृत्यु दर्ता भएका, अर्को विवाह नगरेको प्रमाण | ➢ नेपाली नागरिकता प्रमाणपत्र, पतिको मृत्यु दर्ता प्रमाणपत्र,<br>➢ अर्को विवाह नगरेको प्रमाण |
| अपाङ्गता भत्ता | पूर्ण अशक्त अपाङ्गता<br>रु ३००० | ➢ पूर्ण अशक्त अपाङ्गता भएका (प्रचलित कानुन बमोजिम क वर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेको) । | ➢ नेपाली नागरिकताको प्रमाणपत्र (उमेर १६ वर्ष भन्दा माथि ) वा जन्म दर्ताको प्रमाणपत्र (उमेर १६ वर्ष मुनी ,<br>➢ क वर्गको अपाङ्गता परिचयपत्र |
| | अति अशक्त अपाङ्गता<br>रु १६०० | ➢ नेपाली नागरिक, अति अशक्त अपाङ्गता भएका (प्रचलित कानुन बमोजिम ख वर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेको) । | ➢ नेपाली नागरिकताको प्रमाणपत्र (उमेर १६ वर्ष भन्दा माथि) वा जन्म दर्ताको प्रमाणपत्र (उमेर १६ वर्ष मुनी ,<br>➢ ख वर्गको अपाङ्गता परिचयपत्र |
| बाल पोषण भत्ता | अति विपन्न तथा क्षेत्र तोकिएका<br>रु ४०० | ➢ ५ वर्ष उमेर पुरा नगरेका, सम्बन्धित वडा कार्यालयमा जन्म दर्ता गराएको,<br>➢ नेपाल सरकारले क्षेत्र तोकेका जिल्ला र देशभरका दलित बालबालिका । | ➢ आमा, बाबु वा संरक्षकको नागरिकताको प्रमाणपत्र, बालबालिकाको जन्मदर्ता प्रमाणपत्र |
| लोपोन्मुख जाति | कुसुण्डा, राउटे, हायु, किसान, मेचे, बनकरिया, सुरेल, राजी, लेप्चा, कुसबडिया (पत्थरकट्टा, सिलकट्टा, कुशबडिया, कुचबन्दिया) का आदिवासी नागरिकका सबै परिवारका सदस्यले प्राप्त गर्ने ।<br>रु ३००० | ➢ सामाजिक सुरक्षा ऐन, २०७५ को अनुसूचिमा उल्लेखित जाति | ➢ नेपाली नागरिकताको प्रमाणपत्र (उमेर १६ वर्ष भन्दा कम भएमा जन्म दर्ताको प्रमाणपत्र<br>➢ लोपोन्मुख जाति खुल्ने प्रमाण |

नोट: यसबारे थप जानकारी सामाजिक सुरक्षा ऐन, २०७५ तथा नियमावली, २०७६ बाट प्राप्त गर्न सकिनेछ ।



नेपाल सरकारको

# सम्पूर्ण नागरिकमा अनुरोध

## दर्ता शिविरमा अनिवार्य सहभागी बनौं ।



### दर्ता शिविर के हो ?

स्थानीय तहले नागरिकलाई वडाका विभिन्न पायक पर्ने स्थानमा गई व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाइँ सराइ) को विवरण लिने तथा सामाजिक सुरक्षा भत्ता लिन योग्य भई छुटेका लाभग्राहीको विवरण संकलन गर्ने कार्यलाई दर्ता शिविर भनिन्छ ।

### दर्ता शिविरको उद्देश्य

- व्यक्तिगत घटना दर्ताको लागि सूचना दिने ।
- सामाजिक सुरक्षा भत्ताको निम्ति निवेदन दिने ।
- व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा सम्बन्धी गुनासो दर्ता गर्ने ।

## व्यक्तिगत घटना दर्ता



जन्म



विवाह



बसाइँ सराइ



सम्बन्ध विच्छेद



मृत्यु

"माथि उल्लेखित ५ प्रकारका घटना दर्ता गर्न दर्ता शिविरमा सहभागी बनौं ।"

## सामाजिक सुरक्षा कार्यक्रम



ज्येष्ठ नागरिक



एकल महिला



लोपोन्मुख जाति



बालबालिका



अशक्त/अपाङ्गता भएका व्यक्ति

"सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न दर्ता शिविरमा निवेदन दिऔं ।"

दर्ता शिविर सञ्चालन हुने

स्थान:

मिति:

समय:

व्यक्तिगत घटना घटेको ३५ दिन भित्र स्थायी ठेगाना रहेको वडा कार्यालयमा घटना दर्ता गराऔं ।

दर्ता शिविर संचालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड अनिवार्य रूपमा पालना गरौं ।


नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं
हटलाइन नं.: [illegible]
निःशुल्क: [illegible]
इमेल: info@donidcr.gov.np
वेबसाइट: https://donidcr.gov.np


दर्ता शिविर संचालन गर्दा महिला, जेष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकलाई विशेष प्राथमिकता दिऔँ ।
शिविर
दर्ता शिविर सफल पारौं


व्यक्तिगत घटना दर्ता गराउनु सबै नागरिकको कर्तव्य हो ।
दर्ता शिविर सफल पारौं


दर्ता शिविर संचालन गर्दा जोखिममा रहेका समुदायलाई अनिवार्य जानकारी गराऔं ।
दर्ता शिविर सफल पारौं


दर्ता शिविर संचालन गर्नुपूर्व स्थानीय तहले तोकेको स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा लागु गरौं ।
HAND
Sanitizer
दर्ता शिविर सफल पारौं